स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



जेनजी आन्दोलनपछि देश विषय परिस्थितिबाट गुज्रिरहेको अवस्थामा भोलि प्रतिनिधि सभाको निर्वाचन हुँदैछ। सर्वसाधारणदेखि कलाकारसम्म मतदान गर्न निकै उत्साहित देखिएका छन्। काम विशेषले देशबाहिर रहेका कलाकारहरूले भने सामाजिक सञ्जालमार्फत देश र सन्तानको भविष्यलाई सम्झिएर मतदानको अधिकार प्रयोग गर्न आग्रह गरिरहेका छन्।

**आजको विचार...**



इरान...
(दुई पेजमा)

राजन कुमार झा

भारतीय वेब सिरिज 'द फ्यामिली म्यान'का निर्देशकद्वय राज-डीके र अभिनेता सलमान खानबीच आगामी फिल्ममा सहकार्य हुन सक्ने संकेत देखिएको छ। भारतीय सञ्चारमाध्यम इन्डिया टाइम्सका अनुसार यो फिल्म सन् २००८ को चर्चित अमेरिकी सुपरहिरो फिल्म 'ह्यान्कक' बाट प्रेरित हुनेछ। यस फिल्ममा सलमानले एक अनिच्छुक र अवकाश लिन खोजिरहेको सुपरहिरोको भूमिका निभाउने जनाइएको छ । कथामा उनको पात्र आफ्नो जिम्मेवारीबाट टाढा जान खोज्छ।



❐ वर्ष ३१ ❐ अंक २१८ ❐ २०८२ फागुन २३ गते शनिबार 7 March 2025, Saturday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### प्रशिक्षण उडानमा सुखोई जेट दुर्घटना २ को मृत्यु

(रासस/एपी)

**नयाँदिल्ली,** फागुन २२/भारतको उत्तरपूर्वी क्षेत्रमा प्रशिक्षण उडानका क्रममा भारतीय वायु सेनाको एक लडाकू जेट दुर्घटनाग्रस्त हुँदा त्यसमा सवार दुई पाइलटको मृत्यु भएको भारतीय वायु सेनाले शुक्रबार जनाएको छ । वायु सेनाका अनुसार दुई सिट क्षमतायुक्त लामो दूरीको सुखोई-३० एमकेआई लडाकू विमान बिहीबार राति एयरबेसबाट नियमित प्रशिक्षण उडानका लागि उडेको थियो । केही समयपछि असम राज्यको कार्बी आङ्लोङ जिल्लामा उक्त विमान दुर्घटनाग्रस्त भएको जानकारी दिइएको छ । दुर्घटनापछि उद्धार टोली घटनास्थल पुगेको थियो, तर विमानमा रहेका दुवै पाइलटको ज्यान जोगाउन नसकिएको वायु सेनाले जनाएको छ । दुर्घटनाको कारण तत्काल स्पष्ट नभएको र त्यसबारे विस्तृत अनुसन्धान सुरु गरिएको अधिकारीहरूले बताएका छन् । प्रारम्भिक विवरण सङ्कलन गरिँदै गरेको र प्राविधिक पक्षसहित सम्पूर्ण अवस्थाको अध्ययन गरेर वास्तविक कारण पत्ता लगाइने बताइएको छ । भारतीय रक्षामन्त्री राजनाथ सिंहले सामाजिक सञ्जालमार्फत शोक व्यक्त गर्दै दुर्घटनामा ज्यान गुमाएका पाइलटप्रति गहिरो दुःख प्रकट गरेका छ । उनले मृतक पाइलटका परिवारप्रति समवेदना व्यक्त गर्दै राष्ट्रले उनीहरूको सेवाको उच्च कदर गर्ने बताए ।

# सत्कारले लोभिन्छन् घरबासका पाहुना

*मगर समुदायको बस्ती भएको भकुण्डे गाउँमा मगर समुदायको संस्कृति तथा विभिन्न पर्यटकीयस्थल, मूलाबारी दृश्यावलोकन स्तम्भ, बराह ताल, हीराताल हेर्नका लागि आन्तरिक तथा बाह्य पर्यटक भकुण्डे आउने गरेका छन् ।*

**रासस**

**गलकोट (बागलुङ),** फागुन २२/ साँझमा घरधन्दा सकेका घरबास सञ्चालकहरू सयपत्री फूलको माला हातमा लिएर दैलोमा उभिएका थिए । गाउँघरको खेतीपाती, घरधन्दा सकेर आराम गर्ने साँझमा पाहुनालाई स्वागत सत्कारमै व्यस्त हुन्छन् बागलुङको भकुण्डेस्थित अतिथि सत्कार घरबासका सञ्चालक ।



बागलुङ बजारमा जन्मिएर कर्मथलो अमेरिका बनाउँदै आएकी अनुसिया श्रेष्ठ पहिलोपटक घरबास पुग्दा स्वागत र सत्कारले दङ्ग परेकी थिइन् । बागलुङकै पहिलो सामुदायिक घरबासमा पुगेकी श्रेष्ठलाई साँझ सयपत्री फूलको मालाले स्वागत गरियो भने भोलिपल्ट लालीगुराँस फूल दिएर बिदाइ गरेको क्षणले मन लोभ्याएको बताउन्छिन् । "गाउँघरको रमाइलो पल,अर्ग्यानिक खानाका परिकार, फूलमालाको स्वागत तथा लालीगुराँसको बिदाइ, बिहानै मूलाबारी भ्यूप्वाइन्टको सूर्योदयले मन लोभ्यायो", श्रेष्ठले भनिन्, "३३ वर्ष अमेरिका बसेँ, नेपालजस्तो आनन्द अन्त छैन, घरबासमा आउने सडक भने सुधार गर्न आवश्यक देखिएको छ, गुन्द्रुक, कोदोको रक्सी, कोदोको ढिडोसँगै अर्गानिक खानाका परिकारले अमेरिका नै भुलायो मलाई ।" लालीगुराँस भनेपछि आन्तरिक र बाह्य पर्यटक हुरुक्कै भएपछि यहाँका घरबास (होमस्टे)ले पर्यटकको स्वागत सत्कारमा लालीगुराँस फूलको प्रयोग गर्न थालेपछि पाहुनाहरू मोहित भएका छन् । पछिल्लो समय पर्यटकीय क्षेत्रका रूपमा विकास भइरहेको बागलुङ नगरपालिका-१० स्थित पर्यटकीय गाउँ भकुण्डे घरबासमा पुग्ने पाहुनालाई त्यहाँको स्वागत सत्कारले निकै आकर्षित गर्ने गरेको छ । भकुण्डेको वनमा ढपक्कै फुलेको लालीगुराँस फूल टिपेर त्यहाँका स्थानीयले घरबासमा आउने पाहुनालाई स्वागत गर्ने गरेका छन् । बजारमा लालीगुराँस नदेखेका पर्यटकलाई राष्ट्रिय फूल लालीगुराँसले पर्यटकलाई थप मोहित पार्ने भन्दै चैतवैशाखमा लालीगुराँसले स्वागत गर्ने गरेको घरबासका सञ्चालक बताउँछन् । जिल्लामै पहिलोपटक २०६८ सालमा घरबासको स्थापना गरेका भकुण्डे गाउँका स्थानीय अहिले घरबासमा आउने पाहुनालाई रिझाउन व्यस्त हुने गरेका अतिथि सत्कार घरबासका सञ्चालक अप्सरा थापा बताउन्छिन् । मगर समुदायको बस्ती भएको भकुण्डे गाउँमा मगर समुदायको संस्कृति तथा विभिन्न पर्यटकीयस्थल, मूलाबारी दृश्यावलोकन स्तम्भ, बराह ताल, हीराताल हेर्नका लागि आन्तरिक तथा बाह्य पर्यटक भकुण्डे आउने गरेका छन् । भकुण्डेमा हाल नौ घरमा घरबास कार्यक्रम सञ्चालन भइरहेको छ । "सुरुमा पाहुनालाई कसरी स्वागत, सत्कार गर्ने भन्ने ज्ञान थिएन", थापाले भनिन्, "अहिले घरबास व्यवस्थापनसम्बन्धी तालिम प्राप्त भइसकेपछि धेरै कुराको ज्ञान भयो", थापाले मौसमअनुसार फुलेका फूलमध्ये पाहुनाले लालीगुराँस अत्यधिक रुचाउने गरेका कारण वनमा गएर स्वागतका लागि लालीगुराँस ल्याउने गरेको बताइन् । घरबासमा आउने पाहुनालाई आकर्षित गर्न यहाँका समुदायले भकुण्डे जनजाति सङ्ग्रहालयसमेत स्थापना गरेका छन् । बागलुङ जिल्लाको सदरमुकाम बागलुङ बजारदेखि तीन घण्टाको पैदल तथा समुद्री सतहदेखि दुई हजार १५० मिटरको उचाइमा रहेको चारतले पक्की दृश्यावलोकन स्तम्भ निर्माणसँगै घसबासमा बसेर बिहानै सूर्योदय हेर्न आउने पर्यटक वृद्धि हुन थालेको वडाध्यक्ष प्रेम थापाले बताए । यहाँको स्वागतसँगै स्थानीय खाना, मूला, आलु, सिन्की, लोकल कोदोको रक्सी, मकै, कोदो, भटमासलगायतका स्वादिष्ट परिकारले मनै लोभ्याएको घरबास पुगेका पर्यटक करिष्मा क्षेत्रीले बताइन् । पर्यटक स्वागतमा सयपत्री फूलको माला तथा बिदाइमा लालीगुराँसको फूल उपहारस्वरुप प्रदान गरिने घरबास सञ्चालक यामबहादुर थापाले बताए । भकुण्डेमा पछिल्लो समय इटाली, न्यूजील्याण्ड, जापान, अष्ट्रेलिया, कोरियालगायत देशबाट पनि पर्यटक आउन थालेका छन् । मिलेको भूबनोट, भकुण्डेबाट देखिने एक दर्जन बढी हिमशङ्ख्ला, मगर कला, संस्कृति भकुण्डेको पहिचान नै बनेको छ । बागलुङ नगरका पर्यटकीय क्षेत्रलाई उजागर गर्न बागलुङ नगर पर्यटन विकास समितिले पत्रकार र निजी क्षेत्रलाई हालै भकुण्डे घरबाससमेत पुऱ्याएको नगर उपप्रमुख तथा नगर पर्यटन विकास समितिका संयोजक राजु खड्काले जानकारी दिए ।

## तनाव व्यवस्थापनका तरिका

-नियमितरूपमा ध्यान, योग र व्यायाम गरौं।
-परिवार र आफ्नो विश्वासिलो साथीसँग खुलेर कुरा गरौं ।
-पर्याप्त निन्द्रा र आराम गरौं।
-स्वस्थ र सन्तुलित खाना खाने गरौं।
-आफ्नो रुचिका गतिविधिमा संलग्न हुने गरौं ।
-काम र विश्रामबीचको सन्तुलन राख्ने गरौं ।
तनाव व्यवस्थापन गरौं, स्वस्थ्य जीवन बाँचौं ।


जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

नेपाल सरकार

विज्ञापन बोर्ड

# गाई–भैंसीको निःशुल्क गर्भ परीक्षण

**पाल्पा,** पुस २२/ जिल्लाको एक स्थानीय तहले कृषकले पालेका गाई-भैंसीको निःशुल्क गभए परीक्षण गरिदिने गरेको छ । यहाँको पूर्वखोला गाउँपालिकाले हेफर इन्टरनेसनल नेपालको प्राविधिक सहयोग र समाज उत्थान सहयोग पाल्पाको समन्वयमा पूर्वखोला कृषि तथा पशु विकास परियोजनामार्फत गोठमै प्राविधिक पठाएर गाइँ-भैंसीको निःशुल्क गर्भ परीक्षण गर्दै आएको हो ।



गाई -भैसीमा देखिएको प्रजनन् विकृति र बाँझोपन निवारण शिविर सञ्चालन गरी पशुपालक कृषकलाई निःशुल्क सेवा दिइने गरेको गाउँपालिकाको कृषि शाखाले जनाएको छ । अल्ट्रासाउण्डबाट गाई- भैंसींको निःशुल्क गर्भ परीक्षण हुन थालेपछि यहाँका पशुपालक कृषकहरुको ठूलो आर्थिक क्षति हुनबाट समेत जोगिएको छ । समयमै पशुको गर्भ परीक्षण हुने र समस्या थाहा पाउने भएपछि आर्थिक क्षति हुनबाट जोगिने गरेको हो । पशुको गाई भैसीमा प्रयोग गरिएको आधुनिक अल्ट्रासाउन्ड प्रविधिले पशु प्रजनन्मा देखिएका समस्या तथा बाँझोपन निवारण गर्न महत्वपूर्ण सहयोग गरेको छ । उक्त मेसिनबाट गर्भ अवस्था, पाठेघरको भित्री संरचना तथा सम्भावित समस्या सजिलै पत्ता लगाउन सकिन्छ । गाई-भैंसीमा पटक-पटक बाली लाग्ने तर गर्भ स्थायी रूपमा नबस्ने, एक पटक ब्याएपछि लामो समयसम्म बाली नलाग्ने, समय-समयमा गर्भ खस्ने जस्ता समस्या पहिचान तथा समाधान गर्न, पशुमा हुने प्रजनन् विकृति र बाँझोपन निवारण शिविर सञ्चालन गरिएको परियोजना संयोजक राजकुमार आलेले बताए । बढ्दो बसाईसराई रोक्न, गाउँबस्तीलाई हराभरा बनाउन, गाउँमै स्वरोजगार, उद्यमी बन्न, आयआर्जन बढाउन आधुनिक प्रविधिबाट कृषि र पशुपालन नै रहेकोले पालिकाले ठूलो लगानीमा हेफर पोजेक्ट नेपालसँग सहकार्य गरी कृषकको माग र आवश्यकतामा आधारित कार्यक्रमहरु निरन्तर सञ्चालन गर्दै आएको गाउँपालिकाका अध्यक्ष नुन बहादुर थापाले बताए । पालिकाले पहिलो पटक आधुनिक प्रविधिबाट पशु गर्भपरिक्षण गरेको भएपनि आगामी दिनमा पालिकाले आफै अल्ट्रासाउण्ड मेसिन किन्ने, पशु प्राविधिकहरुलाई दक्ष बनाउने कृषकहरुलाई घरदैलो सेवा प्रदान गर्ने पालिका अध्यक्ष थापाको भनाई छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
जनचेतना

# सम्पादकीय

## नागरिकको सुरक्षाका लागि पहल गर

नेपालमा प्रतिनिधि सभाको मतदानको काम सकिएपछि मतपरिणाम धमाधम आइरहेको छ । निर्वाचनले एक किसिमको उत्साह छाए पनि अमेरिका–इजरायल र इरानबीच जारी युद्धले भने नेपालीलाई चिन्तित बनाएको छ । दक्षिण–पश्चिमका आकाशमा यतिखेर तिर्मिराइरहेका मिसाइलका बत्तीले नेपालमा रहेका आफन्तजनको निद्रा बिथोलिएको छ । दक्षिण–पश्चिमका ती मुलुकमा बमबारी भएको खबरले घरपरिवारलाई अत्यधिक चिन्तित बनाएको छ । विदेश पुगेका आफन्तसँग स्वदेशमा रहेकाहरू दिनहुँ चिन्ता व्यक्त गरिरहेका छन् । केही नेपालीहरुले ज्यान समेत गुमाएका छन् ।

वर्तमान सरकार निर्वाचनमै व्यस्त भए पनि पहिलो प्राथमिकता नागरिक सुरक्षा हुनुपर्छ । तर सरकारले यसतर्फ खासै चासो देखाएको छैन । यो अत्यन्त दुखको कुरा हो । नागरिकको जिउधनको सुरक्षा राज्यको पहिलो कर्त्तव्य नै हो । त्यो कर्तव्य निर्वाह गर्ने क्रममा कुनै यो वा त्यो वहानावाजी स्वीकार्य हुँदैन । लाखौं नेपालीहरूको जीवन यतिखेर अत्यन्त संकटमा छ । खाडीका मुख्य देशहरूमा काम गर्ने लाखौंको संख्याका नेपाली दाजुभाइ, दिदीबहिनीहरू यतिखेर ज्यान हत्केलामा राखेर मृत्युको सन्निकट आक्रमणमा बाँचिरहेका छन् ।

मध्यपूर्वमा गत शनिबार देखि सुरु भएको युद्ध तत्काल रोकिने कुनै संकेत छैन । यस युद्धले महायुद्धको रूप लिँदैछ र विश्वयुद्धतर्फ यसको गन्तव्य देखिएको छ । खाडी क्षेत्रलाई सुरक्षित रोजगार गन्तव्य मान्ने नेपाली, भारतीय, बंगालादेशी, श्रीलंकाली, फिलिपिनोहरूको संख्या कति छ भन्न सकिँदैन । नेपालीहरू नै कूल कति छन् एकिन् छैन । तैपनि युएई, कतार, कुबेत, बहराइन, साउदी अरेबियालगायत देशमा पुगेका नेपालीहरू पच्चीस लाख हाराहारीमा रहेको अनुमान गर्न सकिन्छ । यससँगै इजरायलमा पनि ठूलो संख्यामा नेपालीहरू छन् । यसर्थ नेपालीहरुलाई तत्काल छिमेकी मित्रराष्ट्र भारतलगायत अन्तर्राष्ट्रिय समुदायसँग कूटनीतिक पहल गरी आफ्ना नागरिकलाई सुरक्षा प्रदान गर्ने सरकारको ध्यान जान जरुरी छ ।

## Opinion @ Social Network

ढुङ्गा हो भन्दैमा लात नहान्नु
कुनै दिन मन्दिरमा सजियो भने झुकेर पुज्नु पर्छ।
*(दिपक क्षेत्रीको फेसबुक स्टाटसबाट www.facebook.com/Deepak.Chettri)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# इरान–इजरायल युद्ध : नेपाली भान्सादेखि अर्थतन्त्रसम्म फैलिएको परनिर्भरता



**राजन कुमार झा**

विश्व राजनीतिमा सन् २०२६ मार्च महिना एउटा यस्तो अनपेक्षित र विष्फोटक अध्याय बनेर सुरु भएको छ जसले स्थापित विश्व व्यवस्थाको साखलाई मात्र चुनौती दिएको छैन, बरु दशकौंदेखिको शक्ति सन्तुलन नै भत्काइदिने संकेत गरेको छ । १ मार्चका दिन इरानका सर्वोच्च नेता आयतोल्लाह अली खामेनी सहित उच्च नेतृत्वको सैन्य प्रहारमा मृत्यु भएसँगै मध्यपूर्वको राजनीति एकाएक विष्फोटक बनेको छ । यो लडाइँ केवल तेहरान र तेलअभिभको टकराव मात्र नभई यसको पर्दा पछाडि अमेरिकी पेट्रोडलरको वर्चस्व जोगाउने रणनीति र त्यसलाई कडा चुनौती दिइरहेको इरान–चीन–रुस गठबन्धनबीचको भीषण शक्ति संघर्ष लुकेको छ । महाशक्ति राष्ट्रहरूको यही सामरिक दाउपेचको राप यतिबेला मध्यपूर्वको भूगोल नाघेर सिधै नेपालीको घरदैलो र भान्सासम्म आइपुग्ने जोखिम बढेको छ । आज मार्च ४ सम्म आइपुग्दा खाडीका तेल बन्दरगाहहरूमा भइरहेका ड्रोन प्रहारले विश्व बजार त्रसित मात्र छैन, बरु खाडीमा पसिना बगाइरहेका झन्डै २० लाख नेपालीको सुरक्षा र रेमिट्यान्सको भविष्यमाथि पनि संकटको भुमरी मडारिएको छ । हवाई उडान ठप्प हुँदा भोलि २१ फागुनको निर्वाचनका लागि घर फर्किन लागेका हजारौं नेपाली श्रमिक बीचबाटोमै अलपत्र पर्ने स्थिति बनेको छ । यो अन्योलले नेपालको म्याक्रो-इकोनोमिक स्थायित्वमा ठूलो धक्का पुर्‍याउँदै हाम्रो आयातमुखी बजार र समग्र आर्थिक अस्तित्व नै जोखिममा धकेल्ने आशंका बढेको देखिन्छ ।

**द्वन्द्वको पृष्ठभूमि : मित्रतादेखि अस्तित्वको लडाइँसम्म**

इरान र इजरायलबीच वर्तमान शत्रुताको जरा सन् १९७९ को इस्लामिक क्रान्तिमा जोडिएको छ, त्यसअघि यी दुई देश घनिष्ठ रणनीतिक साझेदार थिए । क्रान्तिपछि सत्तामा आएको धार्मिक नेतृत्वले अमेरिकालाई 'ठूलो सैतान' र इजरायललाई 'सानो सैतान' को संज्ञा दिँदै कूटनीतिक सम्बन्ध तोड्यो । इरानले इजरायलको अस्तित्वलाई नै चुनौती दिँदै प्यालेस्टिनी मुद्दालाई आफ्नो एजेन्डा बनायो भने इजरायलले इरानी परमाणु कार्यक्रम र हमास-हिजबुल्लाह जस्ता समूहलाई आफ्नो 'रेड लाइन' मान्दै आएको छ । सन् २०१८ मा अमेरिका परमाणु सम्झौताबाट बाहिरिएपछि तेहरान र वासिङ्टनबीचको अविश्वास थप चुलियो । फलत:, दशकौंदेखि प्रोक्सी युद्धमा सीमित यी शक्ति अहिले प्रत्यक्ष सैन्य मुठभेडको यस्तो बिन्दुमा आइपुगेका छन्, जसले विश्वकै शक्ति सन्तुलनलाई पुनर्संरचना गर्ने संकेत गरेको छ ।

**वैश्विक रणनीतिक दाउपेच र शक्ति संघर्षको प्रयोगशाला**

ह्वाइट हाउसले यसलाई इरानी जनताका लागि स्वतन्त्रताको अवसर दाबी गरे पनि वास्तविकतामा यो पेट्रोडलरको साम्राज्य जोगाउने अमेरिकी दाउपेच र त्यसलाई चुनौती दिने इरान–चीन–रुस गठबन्धनबीचको एउटा भीषण रणनीतिक संघर्षको थलो साबित हुन सक्छ । यो युद्धको प्रभाव मध्यपूर्वमा मात्र सीमित नरही बेइजिङ र मस्कोका रणनीतिक कोठाहरूमा समेत प्रष्ट देखिन थालेको छ । संसार यतिबेला एउटा यस्तो ध्रुवीकरणको मोडमा उभिएको छ, जहाँ कूटनीतिक संवादभन्दा सैन्य प्रविधिको भाषा हावी हुँदै गएको देखिन्छ ।

**हर्मुज जलसन्धिको नाकाबन्दी र विश्व बजारमा उत्पन्न परकम्प**

वैश्विक शक्ति संघर्षको सबैभन्दा संवेदनशील केन्द्रबिन्दु यतिबेला हर्मुज जलसन्धि बनेको छ, जहाँबाट सुरु हुने अवरोधले विश्वव्यापी आपूर्ति प्रणालीको जग नै हल्लाइदिने निश्चित छ । इरान, ओमान र यूएईको बीचमा अवस्थित यो ३३ किलोमिटर चौडाइको साँघुरो समुद्रीमार्ग विश्व अर्थतन्त्रको मेरुदण्ड र लाइफलाइन दुवै हो । संसारमा खपत हुने कुल कच्चा तेलको झन्डै २५ प्रतिशत र तरल प्राकृतिक ग्यासको एक तिहाइ हिस्सा यही बाटो भएर अन्तर्राष्ट्रिय बजार पुग्ने गर्छ । इरानले यो मार्गबाट एक थोपा तेल पनि बाहिर जान नदिने चेतावनी दिएसँगै अन्तर्राष्ट्रिय ढुवानी बजारमा अभूतपूर्व अस्थिरता देखिएको छ । लन्डन स्टक एक्स्चेन्ज ग्रुपका अनुसार मध्यपूर्वी आकाश र समुद्रीमार्ग असुरक्षित हुँदा सुपरट्यांकरको भाडा दर एकै सातामा इतिहासकै उच्च बिन्दु ४ लाख २३ हजार डलर पुगेको छ । ढुवानी लागत यसरी बढ्नुको सिधा अर्थ हो अब विश्वभरि उपलब्ध हुने हरेक वस्तुको मूल्यमा इन्धन र ढुवानीको भार थपिने छ । यो भौगोलिक संवेदनशीलताले गर्दा हर्मुज जलसन्धि अहिले नक्सामा कोरिएको गल्छीमात्र नभई युद्धको सबैभन्दा ठूलो रणनीतिक अस्त्र र नेपालजस्ता आयातमुखी देशका लागि आर्थिक संकट प्रस्थानबिन्दु बनेको छ ।

**भूराजनीतिक स्वार्थ र महाशक्तिहरूको रणनीतिक दाउपेच**

हर्मुज जलसन्धिको यो सामरिक तनाव केवल तेल आपूर्तिमा मात्र सीमित छैन, यसको भित्री तहमा महाशक्ति राष्ट्रहरूको गहिरो भूराजनीतिक र आर्थिक स्वार्थ लुकेको देखिन्छ । ह्वाइट हाउसमा डोनाल्ड ट्रम्पको पुनरागमनसँगै अघि सारिएको 'ऊर्जा प्रभुत्व' को आक्रामक रणनीति यसको एउटा मुख्य कडी हुन सक्छ । इजरायललाई अमेरिकाले दिँदै आएको सैन्य र कूटनीतिक समर्थनका पछाडि रणनीतिक मित्रतासँगै पेट्रोडलरको विश्वव्यापी साम्राज्य जोगाउने स्वार्थ समेत जोडिएको देखिन्छ । विश्वभरिको तेल व्यापार डलरमा हुने भएकाले नै अमेरिकी मुद्राले विश्वको रिजर्भ करेन्सीको हैसियत पाएको छ । यदि इरानले चीन वा रुससँग मिलेर यो एकाधिकारलाई चुनौती दिए त्यसले अमेरिकी आर्थिक वर्चस्वमा गम्भीर धक्का पुर्‍याउन सक्छ । यहींनेर चीन र रुसको सामरिक स्वार्थ पनि उत्तिकै गहिरो छ । चीनका लागि इरान ऊर्जा आपूर्तिको स्रोतमात्र नभई उसको बेल्ट एन् रोड इनिसिएटिभको महत्त्वपूर्ण खण्डसमेत हो । अर्कातर्फ रुसका लागि मध्यपूर्वको यो अस्थिरता युक्रेन युद्धबाट विश्वको ध्यान अन्यत्र मोड्ने र पश्चिमाहरूको सैन्य संसाधन विभाजित गर्ने एउटा अवसर बन्न सक्छ ।

**नेपालको ऊर्जा सुरक्षा र रेमिट्यान्समा आधारित अर्थतन्त्रमाथिको जोखिम**

मध्यपूर्वको यो भूराजनीतिक अस्थिरताले नेपालको परनिर्भर अर्थतन्त्रका दुइटा अत्यन्तै संवेदनशील पक्ष इन्धन आपूर्ति र रेमिट्यान्स प्रवाहमा गम्भीर चुनौती थपिदिएको छ । नेपालको इन्धन सुरक्षाको अवस्था कति कमजोर छ भन्ने कुरा वर्तमान संकटले स्पष्ट पारिदिएको छ । हामी आफ्नो ऊर्जा आवश्यकताका लागि पूर्णत: आयातमा निर्भर रहँदै आएका छौं । हाम्रो इन्धनको मुख्य स्रोत इन्डियन आयल कर्पोरेसन हो, तर भारत आफैं आफ्नो ८५ प्रतिशत कच्चा तेल मध्यपूर्वबाटै आयात गर्दछ । हर्मुज जलसन्धिको नाकाबन्दीले भारतमै संकट पैदा गर्ने हुनाले नेपालमा इन्धन आपूर्ति ठप्प हुने जोखिम अझ बढी देखिन्छ । विकसित देशले ९० देखि १ सय दिनको इन्धन भण्डारण क्षमता कायम राख्दा र छिमेकी राष्ट्रले समेत दीर्घकालीन मौज्दात सुनिश्चित गर्दा नेपालको पेट्रोल र डिजेलको भण्डारण क्षमता करिब १३ दिन र हवाई इन्धन क्षमता करिब १० दिनमात्र हुनु राष्ट्रिय सुरक्षाका दृष्टिले चुनौतीपूर्ण देखिन्छ । यदि खाडी मुलुकबाट हुने आपूर्ति शृङ्खलामा अवरोध आए नेपालको यातायात, निर्माण र औद्योगिक क्षेत्र केही साताभित्रै ठप्प हुन सक्ने जोखिम रहन्छ । दशकौंदेखि चर्चामा रहेका इन्धन भण्डारण गृहहरूको निर्माणमा भएको ढिलाइले गर्दा अहिले आमउपभोक्ताले मूल्यवृद्धि र अभाव सामना गर्नुपर्ने अवस्था आउनु एउटा विडम्बना हो । यसले अब पेट्रोलियम पदार्थको विकल्पमा आन्तरिक जलविद्युत्को खपतलाई प्राथमिकताका साथ बढाउनुको विकल्प छैन भन्ने सत्य पुन: पुष्टि गरेको छ । ऊर्जा सुरक्षा जस्तै, नेपालको अर्थतन्त्रको अर्को मुख्य खम्बा मानिने वैदेशिक रोजगारी र त्यसबाट प्राप्त हुने रेमिट्यान्स पनि यतिबेला मध्यपूर्वको तनावका कारण जोखिममा पर्न सक्ने देखिएको छ । नेपालको कुल गार्हस्थ उत्पादन (जीडीपी) को करिब एक तिहाइ हिस्सा ओगट्ने रेमिट्यान्सको मुख्य स्रोत कतार, साउदी अरब र यूएईजस्ता देश हुन् । तथ्यांक अनुसार कुवेत, बहराइन र ओमानमा मात्रै करिब १९ लाख नेपाली कार्यरत छन् । परिस्थितिको गम्भीरता हेर्दै नेपाल सरकारले १ मार्च २०२६ देखि लागु हुने गरी इरान, इजरायल र जोखिमपूर्ण खाडी क्षेत्रका लागि नयाँ श्रम स्वीकृति दिन अस्थायी रोक लगाइसकेको छ, जसले गर्दा निकट भविष्यमा रेमिट्यान्सको मुख्य स्रोत नै प्रभावित हुने डर पैदा भएको छ । मार्च २०२६ को यो रणनीतिक धक्काले नेपाली श्रमिकहरू कार्यरत निर्माण र सेवा क्षेत्र प्रभावित तुल्याउन सक्ने प्रबल सम्भावना छ । यदि मासिक रूपमा भित्रिने रेमिट्यान्समा उल्लेख्य गिरावट आयो भने बैंकहरूमा लगानीयोग्य रकम अभाव भई ब्याजदर बढ्न सक्ने र त्यसले समग्र व्यापार-व्यवसायमा नकारात्मक असर पुर्‍याउन सक्छ । परिस्थिति अझ जटिल बनेर ठूलो संख्यामा श्रमिक स्वदेश फर्कनुपर्ने अवस्था आए उनीहरूको व्यवस्थापन र वित्तीय सन्तुलन कायम राख्नु राज्यका लागि एउटा कठिन परीक्षा साबित हुन सक्छ । रेमिट्यान्स प्रवाहमा आउने न्यूनताले शोधनान्तर स्थिति र वैदेशिक मुद्रा सञ्चितिमा समेत दबाब सिर्जना गरी मध्यम वर्गको क्रयशक्ति घटाउने र गरिबी निवारणका प्रयासलाई ओझेलमा पार्ने खतरा देखिन्छ ।

**म्याक्रो-इकोनोमिक सूचकमा देखिने चुनौती र मुद्रास्फीति दबाब**

ऊर्जा र रेमिट्यान्समा देखिने यो अनिश्चिततासँगै नेपालको आन्तरिक अर्थतन्त्रका अन्य म्याक्रो-इकोनोमिक सूचकमा समेत यसको नकारात्मक असर देखिन सक्ने सम्भावना उत्तिकै बलियो छ । नेपाल एउटा आयातमुखी मुलुक भएकाले खाद्यान्नदेखि औद्योगिक कच्चापदार्थसम्मका वस्तुका लागि हामी वाह्य बजारमै निर्भर छौं । मध्यपूर्वको तनावले अन्तर्राष्ट्रिय बजारमा खरिद मूल्य र ढुवानी लागत वृद्धि हुनासाथ नेपालको आपूर्ति शृङ्खला प्रत्यक्ष प्रभावित हुने देखिन्छ । अन्तर्राष्ट्रिय बजारमा अहिले नै ढुवानी खर्चमा ५० प्रतिशतसम्म वृद्धि भइसकेको छ। यसैबीच गोल्डम्यान स्याक्स र जेपी मोर्गनजस्ता बहुराष्ट्रिय बैंकहरूले कच्चा तेलको मूल्य प्रतिब्यारेल १ सय ५० देखि १ सय ८० अमेरिकी डलरसम्म पुग्न सक्ने प्रक्षेपण गरेका छन्, जसले नेपालको आयातित महँगी अझ भयावह बनाउने निश्चित छ । इन्धन मूल्यवृद्धिका कारण तराईबाट पहाडी जिल्लासम्म खाद्यान्न ढुवानी गर्दा लागतमा उल्लेख्य वृद्धि भई हाल एकल अंकमा रहेको मुद्रास्फीति पुन: दोहोरो अंकमा पुग्न सक्ने जोखिम रहन्छ । यस्तो आयातित मुद्रास्फीतिले न्यून आय भएका वर्गको क्रयशक्तिमा ह्रास ल्याई सामाजिक र आर्थिक असन्तोषको वातावरण समेत सिर्जना गर्न सक्छ । यसैगरी नेपाललाई बाँकी विश्वसँग जोड्ने प्रमुख हवाईमार्ग मानिने दोहा, दुबई र इस्तानबुलका उडान प्रभावित हुनु नेपालको पर्यटन उद्योगका लागि चुनौतीपूर्ण साबित हुन सक्छ । सरकारले पर्यटन दशकको लक्ष्य राखे पनि मध्यपूर्वी आकाशको सुरक्षा संवेदनशीलता र महँगिएको हवाई इन्धनले पर्यटक आगमनमा प्रतिकूल असर पार्न सक्ने देखिन्छ । कतार एयरवेज र फ्लाई दुबईजस्ता प्रमुख वायुसेवा कम्पनीले उडान कटौती वा मार्ग परिवर्तन गर्दा नेपालको अन्तर्राष्ट्रिय सम्पर्कमात्र कमजोर हुने छैन, बरु पर्यटनमा आधारित रोजगारी र विदेशी मुद्रा आर्जनमा समेत कमी आउन सक्छ । निर्वाचन पूर्वसन्ध्याको यो घडी केवल मत बदल्नेमात्र होइन, आफ्नो विवेक र देशको भविष्य बदल्ने अवसर हो । भविष्यप्रति आशावादी एक जिम्मेवार नागरिकका नाताले स्वावलम्बी राष्ट्र निर्माणका लागि स्पष्ट भिजन र ल्याकत भएको प्रतिनिधि रोज्नु नै आजको निर्वाचनमा देशको अनिवार्य आवश्यकता र समयको माग हो । *-अनलाइन खबर डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : कार्यशैलीमा बदलावको कारण ठूलो लाभ हुनेछ। आफन्तसँग भेटघाट हुनेछ। | **तुला** : व्यवसायमा थप लगानी लगाउने समय रहेको छ। शुभ सुचना मिल्नेछ। |
| **वृष** : कार्यक्षेत्रमा जीवनसाथीको सहयोग मिल्नेछ। ज्ञात भयले मन चिन्तित रहनेछ। | **वृश्चिक** : नयाँ निर्णय लिनुभन्दा अघि जानकारको सल्लाह अवश्य लिनुहोला। |
| **मिथुन** : पहिला लिएका ऋणबाट मुक्ति मिल्नेछ। आयको अनुरूप खर्च गर्नुहोस्। | **धनु** : सामाजिक कार्यले गर्दा प्रतिष्ठा बढ्नेछ। मानसिक तनावबाट मुक्ति मिल्नेछ। |
| **कर्कट** : आफ्नो जिम्मेवारी निभाउन असफल हुनपर्ला सतर्क भएर कार्य गर्नुहोस्। | **मकर** : भ्रमणको सम्भावना रहेको छ। व्यवसायमा नयाँ योजनाहरू बन्नेछन्। |
| **सिंह** : यात्रा सुखमय र राम्रो रहनेछ। विद्यार्थीहरूको अध्ययनमा रुचि बढ्नेछ। | **कुम्भ** : नयाँ अनुबन्धहरू सफलतापूर्वक सम्पादित हुनेछन्। सम्बन्ध रमाइलो रहनेछ। |
| **कन्या** : साथीहरूसँग भेटघाट हुनेछ। वाहन चलाउँदा सावधान रहनुपर्ने हुन्छ। | **मीन** : उमंग र उत्साहमा वृद्धि हुनेछ। व्यापार व्यवसायलाई विस्तार गर्न सकिनेछ। |

# साहित्य दर्पण

निबन्ध — विनयकुमार शर्मा नेपाल

## पुस्तक लेखन, मिडिया र प्रकाशन

*देश आक्रान्त छ, सबैतिरबाट आक्रान्त र कमजोर भएको बेलामा भाषामाथि विद्वान् भनाउँदाहरुले विदेशी प्रलोभनको आडमा थप अन्यौल सिर्जना गरिदिएका छन् । विदेशीले पनि सबैतिरबाट आक्रान्त पारेर आफ्नो दुनो सोझ्याउने कल्पना साकार पार्ने पहलकदमी गरेको छ ।*

पुस्तक लेखन वृत्ति हो वा कर्म ? जीवन हो वा धर्म ? मनोरञ्जन हो वा लहड ? यो कुरोमा अन्य अनेकौं प्रश्न खडा हुन सक्छ । जसरी प्रश्न उब्जन्छ त्यसरी नै उत्तर पनि प्रत्येक तप्का र व्यक्तिबाट भिन्न भिन्न आउन सक्छ । साहित्य लेखनको अभिप्राय प्रत्यक्ष अप्रत्यक्ष जे र जसो भए पनि-सन्देशका लागि, विचारका लागि, उपदेशका लागि, मनोरञ्जनका लागि, लहडका लागि, चर्चाको लागि-जेका लागि भए पनि साहित्यको जुनसुकै रचना वा ग्रन्थले जबसम्म मान्छेका मन र मस्तिष्क थरथराउने, झनझनाउने र पगाल्ने गराउँदैन त्यस्तो रचना वा ग्रन्थ लामो कालसम्म जीवित रहन सक्तैन । युग बोध र युग सन्देश नभएका रचना लामो समयसम्म समय अन्तरालमा जन्मेका पाठकको मनभित्र जम्न सक्तैन र पाठकको मनमा जम्न नसकेका रचना वा ग्रन्थको आयु के र कति हुन्छ ? ठम्याउन गाह्रै हुन्छ । चाहे त्यो नाटक होस्, चाहे निबन्ध होस्, चाहे कविता होस्, चाहे कथा-उपन्यास वा वृत्तान्त । मान्छेका मनले अनेक सोचको उत्पादन गर्छ, सोचलाई दिमागले चलखेल गरेर-जालझेल गरेर-चिन्तन र मन्थन गरेर खुराफात गर्छ । यसरी दिमागबाट निस्केको रचनाले मनलाई छुन, तरङ्गित बनाउन सक्तैन । मनलाई तरङ्गित पार्न, प्रभाव पार्न मनबाटै निष्कल-स्वस्फुर्त निस्कनु पर्छ-मान्छेका विचारहरु, कल्पनाहरु र यथार्थहरु । देवकोटा स्वयंले पनि मनबाट निस्केको रचना दिमागबाट निस्केको रचनाभन्दा कयौं गुना उत्तम र कालजयी हुने कुराको सङ्केत नगरेका होइनन् । त फेरि किन खुरापातमा लाग्छन्-लेखक, मिडिया र प्रकाशन गृहहरु ? कुनै काल थियो मिडिया साहित्यबाट चल्थ्यो, मिडियामा साहित्य छाउँथ्यो ।

कालान्तरले आज साहित्यमा मिडिया छाएको छ, मिडिया मात्र होइन, व्यापारी र नेतागिरी डुबेको छ । साहित्य नेता वा सञ्चारका लागि स्रोत हुन्थे तर आज ठीक उल्टो साहित्यको लागि नेता र सञ्चार स्रोत बन्न पुगेको छ । यो परिवर्तन निश्चय नै भाषा, संस्कृति, साहित्य र देशको लागि राम्रो कुरो होइन । न त यो नेता, व्यापारी वा मिडियाको लागि उन्नतिको कुरो हो । यो त मात्र हिजोको पकेटमार आज डकैत भएजस्तो प्रगति हो । जसरी रामचन्द्र सधैं धनी रहन सक्तैन, त्यसै गरी भोलिका पाठक-उसका जीवनीका पाठक सधैं रहन सक्तैनन् । जसरी कृष्णहरिका कलाले सबैलाई सधैं रन्थनाउन सक्तैन, ठीक त्यसै गरी कालअन्तरले कालअन्तरमा जन्मेका मान्छे उसका जीवनीका पाठक हुन सक्तैनन् । के यतिमै सीमित हुनुपर्ने आजको साहित्य लेखनको नियति हो ? वा मात्र गालीको लागि तुक न ताइँसँग अर्काको चियो बसेर, खेदो खनेर चर्चा बटुल्ने आजको साहित्य लेखकको नियति हो ? वा आफू केही लछार्न नसक्ने अर्काले गरिखाएको देखी नसहने कृति आलोचनाभन्दा व्यक्ति आलोचनामा डुब्नुलाई प्रगति ठान्ने लेखकहरुको बिगबिगी बढ्नु नै नियति हो आजको साहित्य क्षेत्रको ? देश आक्रान्त छ, सबैतिरबाट आक्रान्त र कमजोर भएको बेलामा भाषामाथि विद्वान् भनाउँदाहरुले विदेशी प्रलोभनको आडमा थप अन्यौल सिर्जना गरिदिएका छन् । विदेशीले पनि सबैतिरबाट आक्रान्त पारेर आफ्नो दुनो सोझ्याउने कल्पना साकार पार्ने पहलकदमी गरेको छ । विश्व इतिहास साक्षी छ जुनसुकै कालखण्डमा भाषा होस् वा राजनीति, राष्ट्र होस् वा मानवीय जीवनशैली त्यो बनाउने र भत्काउने काम विद्वान्बाटै भएका हुन् । मनमा प्रेमको फूल फुलेकाहरुबाट निर्माण हुन्छ भने फूल फुलाउने र हुर्काउने आँट नभएका विद्वान् भनी टोपल्ने अविद्वान्हरुबाट भत्काउने कार्य हुन्छ । यो बाँदर मति केही मान्छेको स्वाभाविक प्रक्रिया हुँदा पनि जितको इतिहास त हमेशा निर्माण गर्नेकै लेखिएको हो, भलै रामको नामसँग रावणको नाम प्राचीनकालदेखि नै जोडिएको होस् । आजकल बनाउनेको भन्दा भत्काउनेको सङ्ख्या दिन दुई गुना रात चार गुनाले बढ्ने प्रक्रियाको थालनी भएदेखि राष्ट्रमा चारैतिर, सबै क्षेत्रमा अन्यौल नै मात्र सिर्जना भएका छन् । यस्तो अन्यौल कालखण्डमा पुस्तक लेखन, मिडिया र प्रकाशनसमेत त्यसैमा डुब्दै जानु निसन्देह देशको भाषा, साहित्य, संस्कृति आदि आदि सबै क्षेत्र निर्बल, प्रचारमुखी र सतही बन्दै गएको प्रमाण हो । पुस्तक लेखन अत्युत्तम आनन्दको लागि होस् वा जानकारीमूलक शिक्षाको लागि होस्, एक अर्थमा वृत्ति नै हो तर त्यो वृत्तिमा दिमागको अर्थात् मिडियाको चलखेलले वास्तविक-सच्चा लेखक पछाडि पर्नु र सतही लेखकहरु जसमा मिडिया, व्यापारी, कलाकार आदिहरु पर्दछन् । तिनले मिडिया वा अर्को क्षेत्रबाट कमाएको धन र नामको प्रयोगले-नाम, धन र मिडियालाई प्रयोग गरेर चर्चा बटुलिरहेछन् । कोही खेताला लगाएर साहित्यमा रवाफ देखाउन प्रयासरत छन् भने कोही नवीन लेखकहरुलाई पैसाले किनेर साहित्यमा इज्जत पाउने प्रयास गर्दै छन् । कतै कोही नाम चलेका क्षमतावान् लेखक पनि पैसा सामु निरीह बनेर बिकाउ बनेका छन्, तर इतिहास साक्षी छ, युगौं युगदेखि नाम र धनको भरमा लेखक बनी टोपलेकाहरुले सच्चा लेखकहरुलाई माथ दिन सकेनन् र अब पनि सक्ने छैनन् । सच्चा लेखक जो वास्तवमै भद्र, शालीन, कर्मप्रति इमानदार र स्वमुखी छन्, आँधी आओस् वा तुफान, पहाड झरोस् वा आकाश-मुस्कुराइरहेछन्-मौन । मिडिया-स्वभावत: सञ्चार वा पत्रपत्रिका वा तिनमा आबद्ध लेखक अपवाद छाडेर समसामयिक हुन्छन् । जुन सतही वा जानकारीमूलक सीमित समयका विचार राख्ने कार्य गर्दछन् । जसलाई रत्तीभर पनि पुरानो होस् वा नयाँ युगबोधको महङ्व रहेको देखिन्न । जो आज, अहिले र तत्कालको जानकारीको रसमा डुब्दछ । यस्तो मिडियाम्यान र फ्यानहरु मिडिया सञ्जालको प्रयोग, दुरूप्रयोग र सदुपयोग गर्दै कसैको साहित्यलाई काखमा र कसैको साहित्यलाई पाखामा राख्दै, कोही मिडिया सम्बधित भएकै कारणले अति प्रयोग गर्दै साहित्यलाई आक्रान्त पारिरहेको यस कालखण्डलाई देशको प्रसिद्ध, ख्यातिप्राप्त लेखक साहित्यकार खुदैले निकालेका पत्रपत्रिकामा समेत आफ्नो रचना नछापेर अरुको रचना छाप्ने व्यक्तित्वहरुको भावना र कालखण्डसँग कसरी तुलना गर्नु र खै ? प्रकाशन-स्वभावत: प्रकाशक हो । वास्तविक दर्शन, इतिहास, साहित्य आदिका धनीहरुको विचार-आलोकको प्रकाशक हुनुपर्ने हो नकि धनको । प्रकाशक स्वभावत: राष्ट्रका मानवीय भावनाको, विचारको, दर्शनको, शैलीको प्रकाशक हुनुपर्ने हो न कि अनेक नौटङ्की तिकडम मच्चाएर अलेखकलाई लेखक बनाउने खेतीमा डुबेको । प्रकाशकको धर्म-कर्म मात्र प्रकाश पार्ने हो भने पनि केको ? कसको ? किन ? भन्ने अनेक प्रश्नको उत्तर तिनले खोज्नुपर्ने हुन्छ । प्रकाशक संस्था होस् वा व्यक्ति ऊ स्वभावत: व्यावसायिक मात्र हो भने पनि उसको धर्म सही कुरो र सच्चा लेखकलाई प्रकाश पार्ने हो कि ? धन र नामको भरमा लेखक बनी टोपलेकालाई ? कुलेखक वा अलेखकको आनो एक सुका खर्च नगरी धन हुनेको धन र नाम हुनेको नामलाई नगदको रुपमा प्रयोग गर्न र तिनलाई साहित्य क्षेत्रमा अमर भइन्छ भनेर उक्साउने-पट्याउने-तिनलाई दलदलमा भास्ने कसरी प्रकाशक ? न खेताला सधैं एउटै हुन्छ न उस्तै सबै । मैदानमा बसेर सबैका सामु लेख्न परे के, कस्तो र कसरी लेख्दा हुन् ती लेखक भनाउँदाहरु ? एक दशक पनि नबित्दै तिनका रचना पप गीतजस्तै हराए भने कसले आश्चर्य ठान्ने ? लेखक, प्रकाशक र मिडिया तिनै व्यावसायिक हुँदाहुँदै पनि तिनको देशप्रति कुनै नैतिक दायित्व हुन्छ कि हुँदैन ? तिनले सच्चा कर्म गर्नुपर्छ कि पर्दैन ? के सत्ययुगमा मनु र शुक्राचार्य मात्र लेखक थिए त ? वा त्रेतामा वाल्मीकि र वशिष्ठ मात्रै ? द्वापरदेखि लगभग पाँच हजार वर्षको पूर्वीय साहित्यको इतिहासमा हातैमा गन्न सकिने पाँच छ दर्जन मात्र संस्कृत साहित्यका स्रष्टा थिए त ? आज किन हामी यति स्रष्टाकै कृति र जानकारीमा मात्र सीमित छौं ? बाँकी किन जीवित रहेनन् ? तिनका कृति नाम कहाँ लोप भए ? के एकैपल्ट परिष्कृत भाषा, शैली विचार लिएर फुत्त आकाशबाट झरेका हुन् त शुक्राचार्य वा वाल्मीकि ? कुरो निकै सोचनीय छ । यसो भन्दैमा कोही वा कुनै व्यक्तिले आफ्नो भाव, सोच, विचार, कल्पना, अनुभवलाई निकाल्नुहुन्न वा पाइँदैन भन्ने हुँदै होइन । म त भन्छु सृष्टिका प्रत्येक मान्छेले आफ्नो भाव, सोच, विचार, अनुभव र जीवन दर्शन निकाल्नै पर्छ तर त्यो देखाउनाको लागि नहोस्, लेख्नको लागि मात्र नलेखियोस्, दबाब वा कुण्ठाले नआओस्, नाम वा धनको लागि मात्र नहोस्, अक्षरब्रह्मको खेतीमा खेतालाको प्रयोग नहोस् । भलै त्यो अशुद्ध होस् तर होस् मनको झङ्कार झनझनाउने । भलै त्यो परिपक्व नहोस् तर होस् स्वच्छ निर्मल हिमाली नदीसरि । भलै त्यसमा गोडमेल, मलजाल नपुगोस् तर होस् शुद्ध, शालीन र सत्य ।

*-समकालीन साहित्य डटकम*

कथा — बुद्धमणि ढकाल

## बुढा–बुढीको कथा

*झुमाले एक बिहान आमासँग भनी, " आमा, बुबाले कान्छी आमा ल्याएर बसेका होलान् । नभए त एक दुई वर्षमा आउनुपर्ने । किन माया मारेका होलान् हामीलाई ?"*



**माइला बाजेको वनवास**

माइला बाजे नौ नम्बर फारसको एउटा गोठमा बेरुवा सुर्तीको मुस्लो धुवाँ उडाउँदै टाटनोमा बाछालाई घाँस हाल्दै थिए । त्यो गोठको मालिक नै माइला बाजे हुन् भने हुन्छ । जन्तरे महाजनका चालिस पुच्छर गाईवस्तुसँग उनका निजी पन्ध्रपुच्छर छन् । नौ नम्बरको खर्कमा जम्मा सात गोठ नजिक नजिक बसेका छन नेपाली र कुनै असमियाका । बाछालाई बेलुकाको डाले घाँस बटुल्न खुकुरी भिरेर हिँड्नै लाग्दा दुई बिहारी मुसलमान पैकारी आइपुगे । "आमी गाय ना दिबे" माइला बाजेले टुटेको बंगाली भाषामा ती व्यापारीलाई छिट्टो लघार्न खोजे । "आफूलाई घाँस लिन जान हतार भङ्छ, बेला न कुबेला दलाल पस्छन्", नबुझिने झर्के स्वरमा उनी फुस्फुसाए । असम र भुटानको सिमानाको सदावहार घना जङ्गल गाईपालाहरूको खर्क बस्ने रोजा ठाउँ । घाँस पानी प्रशस्त, दुध घिउ बेच्ने बजार नजिक, र मलिलो माटो । माइला बाजे अठार वर्ष अघि यहाँ आइपुगेका थिए - त्यस पछि उनी लोभिए । सनकोश नदीले असम र पश्चिम बंगाललाई सिमाना छुट्याइदिन्छ यहाँनेर । माइला बाजेले असम रोजे । असमको कच्छु गाउँमा एक नेपाली महाजनको गोठ सम्हाले र आफ्नो पनि जोडे । साँझको धन्दा छिनेर माइला बाजे छिमेकी गोठका पाख्रिन बुढासँग गफिन गए । "होइन त्यो दुई बिहारीले के खोजेको रैङ्छ ?" पाख्रिनले सोधे । " खोइ, मलाई त तेसै दुले चोर होला जस्तो लाग्यो ।" राँगाबिल बजारबाट किनेको लामो सुर्तीको कंकट कागज निकालेर काटे पाख्रिन बुढाले । दुईवटा साना कागजमा सुर्ती मिलाएर बेरे दुवै जनाले र छेउमा भर्भर बलिरेहेको अगुल्टोबाट सुर्ती सल्काए । अब निस्के चोटिला गफका चस्का । माइला बाजे भन्दै थिए-चैनजो, पहाडमा दश नंग्री खियाएर वर्षभरि काम गरे पनि यत्तिको खान लाउन पाइँदैन । पैसाको मुख देख्न हम्मे । यहाँ त जङ्गलमा बसे पनि पैसा आउने बाटो छ ।

बजारमा दुध घिउ मनग्गे बिक्छ । टाटनामा एक हल मिल्ने बहर छन् अहिले । तिनले कम्तीमा पनि चैनजो हजार पच्चिसेक लिन्छन् । साठी वर्ष पुगेका माइला बाजेको फुर्ती घटेको छैन - तन र मनको पनि । डोको बुन्ने चोया खिप्तै पाख्रिन बुढासँग जोसिँदै भने - "यतिको तन्नेरी मान्छेसँग कसो नआउलान् त ? एउटीको खाँचो छ, पहाडकीलाई धेरै भो छोडेको ।" पाख्रिनलाई मुखभरिको जवाफ आएको थियो । भन्न मन लागेको हो -हाउ बाजे ! तिमीलाई यो उमेरमा के उत्ताउलो हुनुपरेको ? त्यो सानी छोरीको मुख हेर न ! तर घाँटीमा रोकेर गफ अर्कैतिर मोडे । "हाउ माइला बाजे, तिमीले पहाड घर छोडेको कति पो भयो हँ ?" "यो आउने फागुनमा चैन जो बाइस वर्ष लाग्छ । यता पसेकै उन्नाइस वर्ष भयो ।" "अबको आइतबार राँगाबिल बजार जानुपर्छ है" डोकोलाई पिंध बनिसकेर उठाएपछि माइला बाजे उठे काठको मुढाबाट "सँगै जाउँला । मेरो पनि नुन मसला सकिएको छ । तीन शेर जति नौनी छ, त्यसैले सौदा भर्छु ।" पाख्रिनले मत मिलाए । माइला बाजे बजार भरेर महाजन जन्तरेको घरमा निस्के । ...सपना बिग्रेको धेरै भो । चैन जो, घरमा केही आपद विपद परेको जोखाना आइरेछ मलाई ।! जन्तरे महाजनलाई सुनाए । महाजनको हली डोग्रालाई गोठ हेर्न पठाएर माइला बाजे लागे नेपालतिर - कोशी किनारको चतरा गाउँ । सात वर्ष पहिले एउटा छाप्रो हालेका थिए माइला बाजेले - त्यहाँ बस्छिन् बाजेकी कान्छी - कटवालनी माइली आमैकी सौता । माइला बाजेको बिग्रेको सपनाले सङ्कत गरेको भेट खायो- आठ वर्षको छोरो सिकिस्त बिरामी परेछ । धामी झाँक्री, झारफुक केही गर्दा बिसेक नभएको । बाजे आफैं झारफुक र बुट्टी बाँध्ने वैदाङ्गी, तर उनको केही चलेन ।

अस्पताल राख्नुपर्ने भयो- अनिश्चित समय । डाक्टर र औषधीको खर्च जुटाउन माइला बाजेले गोठका बहर र दुहुने माउ गाई बेच्नुपर्ने भयो । नौ नम्बर गोठमा आफ्नो भागका वस्तु बेचेर उनी फर्के चतरा, फेरि फारस नफर्किने अठोट गरेर ।

**जिन्दगीको डोरो**

कटवालनी माइली आमै दिङ्लाफाँटको आइतबारे बजारमा डोकोभरि ल्याएको साग, मुला, सिमल तरुल, पिँडालु फिँजाएर बेच्न बसेकी छन् । साथमै छे, बाह्र वर्षकी कान्छी छोरी झुमा ।" ए कान्छी, आज कपाल औधी चिलायो, एकैछिन ठुङ् हान्दे न ।" "हत्तेरी आमा पनि ! बजारमा बसेर के को ठुङ् हान्नु नि !" "अनि मेरो को छ त अरू ? तँ मात्रै त हो ?" साँच्चै हो । कटवालनी माइली आमैको बुढेसकालमा त्यही झुमा कान्छी छे सहारा । बुढाले भोजपुरको पहाड छोडेर हिँडेको बाइस-पच्चीस वर्ष हुन लाग्यो । कान्छी दश वर्षकी हुन्जेल तीन चार वर्ष बिराएर आउने गर्थे । त्यस पछिका दिनमा उनी आएको एकपल्ट मात्र सम्झना छ माइली आमैलाई । गोठको घिउ र जङ्गलमा आफैंले काढेको मह बेचेर कटवाल माइलाले भारूको बिटो बोकेर घर फर्कन्थे र घरमा चाहिने लत्ता कपडा र अरु खाँचो टार्थे । चैतको अन्तिम साता हिँड्ने दिनको बिहान सातु सामल बोकेर निस्किँदा, बुढी सम्झाउँथिन तल तम्मर खोलामा पुगेर पानी फर्काइदिनू है ! "आमा, आज साग बेचेको पैसाले म एउटा स्कुले झोला किन्छु ल । मेरो झोला पुरानो भयो र सानो पनि भयो ।" झुमा कान्छीले बिक्रीको सानो भाग खोजी । सत्तरी वर्ष पुगेको ज्यानमा, समयको भुत्ते छिनोले दर्फर्याएको माइली आमैको अनुहारमा सुख र सन्तोषको अनुभव साह्रै कम देखिन्छ: घाम, झरी, हिलो, जाडो सहेर उकालो ओह्रालोमा खेताला, मेला-पात र बजारको नुन तेल बोकेर पहाडको जिन्दगी बाँचेकी छन् माइली आमै । ठूली छोरी पोहोर साल नै मधेसको एउटा केटोसँग भागेर हिँडी । मनको दु:ख अझ थपियो । छोरो थियो- तर अझै बेपत्ता छ । माओवादीमा लागेका साथीको लहै लहैमा घरबाट हिँडेको, कहिल्यै फर्केन । मरे बाँचेको खूद - खबर केही छैन । धन्न बुढाले घरको छानोमा जस्ता पाता हालिदिए । अब त सालिनी घर छाउनु पर्दैन । तर गाई ग्वाली लड्न आँटेको छ, बाखाको खोर छाउन एक वर्ष ढिलो भएको छ । आइतबारे हाटमा साग मुला बेचेको पैसा कान्छी छोरीको स्कुले सामग्री किन्न ठिक्क भयो ।

पहिलाका बिक्रीबाट बचत पैसा थैलीमा चेपेकी थिइन् - त्यसैले एक मानो खाने तेल, दुई पोका नुन र एक बतल मट्टितेल किनेर माइली आमै र झुमा कान्छी घर फर्के । पुषको महिना । झुमाले एक बिहान आमासँग भनी, " आमा, बुबाले कान्छी आमा ल्याएर बसेका होलान् । नभए त एक दुई वर्षमा आउनुपर्ने । किन माया मारेका होलान् हामीलाई ?" झुमाको यो शङ्का जायज हो जस्तो लागेको छ कटवालनी माइली आमैलाई । यति मात्र भनिन्, "तैंले सपनामा देखिस् क्या हो ?" उसलाई सम्झना छ बुबा आउँदा उसलाई जुत्ता, स्वीटर, स्कुलका लागि कलम कापी, झोला र दशैंका लागि दुई जोर कुर्ता सुरुवाल लिएर आउँथे । अहिले ऊ पाँच साल अघिका तिनै लुगा जुत्ता लाउँदैछे । उसले आमालाई नियालेर हेरी र सोधी - "आमा, तिम्रो न्यानो लुगा के छ र ? यसपालिको जाडोमा लगाउने चौबन्दी, स्वीटर र एउटा बर्को किन्नु है त्यो सिंगारे पाठो बेचेर ।" हाटमा लगेर सिंगारे बेचेको दिन झुमा कान्छीलाई डाँको छोडेर रुन मन लाग्योह त्यो पाठो जसलाई उसले बोकेर, दुध पिलाएर, घाँस दाना गरेर हुर्काएकी थिई । उसका लागि एक नजिकको साथी थियो सिंगारे । दुई दिन त खान पनि मन लागेन । तर न्यानो लुगा, आमाको छिनेको ज्यानलाई चाहिने र नभई नहुने आवश्यकता हो । उसले चित्त बुझाई-सिंगारेप्रति उसको माया, आमाको माया अगाडि केही होइन ।

*-साहित्यपोस्ट डटकम*

# ट्रकको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु




**नवलपुर (नवलपरासी),** फागुन २२ / नवलपरासी (बर्दघाट-सुस्तापूर्व)को गैँडाकोटमा ट्रकको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु भएको छ । शुक्र साँझ पूर्वपश्चिम राजमार्गअन्तर्गत कालीगण्डकी चोकमा ना५ख ९००६ नम्बरको ट्रकले ना२८प ४२६० नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा चालकको मृत्यु भएको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय नवलपुरका प्रमुख प्रहरी उपरीक्षक युवराज खड्काले दुर्घटनामा करिब ३५ वर्षीय युवकको मृत्यु भएको जानकारी दिए । दुर्घटनामा गम्भीर घाइते भएका मोटरसाइकल चालकको उपचारका लागि चितवनको भरतपुरस्थित चितवन मेडिकल कलेजमा पठाइएकामा चिकित्सकले मृत घोषणा गरेका उनले बताए । दुर्घटनामा मृत्यु हुने मोटरसाइकल चालकको परिचय नखुलेको खड्काले जानकारी दिए । दुर्घटनामा संलग्न ट्रक चालक भक्तपुरको भक्तपुर नगरपालिका-७ का ४२ वर्षीय आशकुमार साहलाई प्रहरीले नियन्त्रणमा लिएर अनुसन्धान थालेको उनले बताए । *--रासस*

## खेलकुद समाचार

### ओमान र यूएईबीचको लिग-२ शृङ्खला स्थगित



**काठमाडौं,** फागुन २२/आईसीसी विश्वकप क्रिकेट लिग-टू अन्तर्गत नेपाल, ओमान र संयुक्त अरब इमिरेट्स (यूएई) बीचको त्रिदेशीय एकदिवसीय शृङ्खला स्थगित भएको छ । मध्यपूर्वको तनावलाई ध्यानमा राख्दै नेपालमा तय भएको लिग-टू शृङ्खला स्थगित भएको नेपाल क्रिकेट सै (क्यान) ले जानकारी दिएको छ । यो शृङ्खला यही फागुन २६ देखि चैत ६ गतेसम्म काठमाण्डौको कीर्तिपुरमा रहेको त्रिवि मैदानमा हुने तय भएको थियो । अर्को सूचना नआएसम्मका लागि लिग-टू शृङ्खला स्थगित गरिएको थप परामर्शपछि नयाँ मिति घोषणा गरिने क्यानले जनाएको छ । युद्धका कारण मध्यपूर्वमा हवाई मार्ग बन्द भएपछि ओमान र यूएईको टोली नेपाल आउन नसकेका हुन् । शृङ्खलाका लागि नेपालले २० सदस्यीय प्रारम्भिक टोली घोषणा गरिसकेको थियो । आठ वटा देश सहभागी लिग-टूमा नेपाल २० खेलमा १२ अङ्कसहित सातौँ स्थानमा छ । यस्तै ओमान २४ अङ्कसहित चौथो र यूएई १० अङ्कसहित पुछारमा छ ।

## अर्थ/कर्पोरेट समाचार

# सुन ४ हजार २ सयले घट्यो




**पाल्पा,** फागुन २२/शुक्रबार सुनको मूल्य तोलामै ४ हजार २ सय रूपैयाँले घटेको छ । नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार सो दिन मूल्य घटेसँगै सुन प्रतितोला ३ लाख १३ हजार ४ सय रूपैयाँमा कारोबार भइरहेको छ ।

बिहीबार प्रतिनिधिसभाको निर्वाचन भएकाले सरकारले सार्वजनिक विदा दिइएको थियो । त्यसकारण महासंघले मूल्य तोकिएको थिएन । बुधबार सुनको मूल्य एकैदिन ११ हजार रूपैयाँले घटेर तोलामा ३ लाख १७ हजार ६ सय रूपैयाँमा कारोबार भएको थियो । यस्तै शुक्रबार चाँदीको मूल्य पनि तोलामा ९५ रूपैयाँले घटेको छ ।

बजारमा ५ हजार ४ सय ४५ रूपैयाँमा तोलामा चाँदी कारोबार भइरहेको महासंघले जनाएको छ । डलरको मूल्य बढ्दा सुनको मूल्य घटिरहेको महासंघले जनाएको छ । यद्पी बिहीबार एक डलरको मूल्य १४७ रूपैयाँ थियो भने शुक्रबार २ सय ४६ रूपैयाँ तोकिएको छ ।


कैलाशनगर मिडिया प्रा.लि., तानसेन, पाल्पा

## विज्ञापन दररेट परिवर्तन भएको सूचना

बढ्दो महङ्गी, कागज मसी तथा छपाई सामग्रीको मुल्यवृद्धिका कारण **कैलाशनगर मिडिया प्रा.लि.**द्वारा प्रकाशित **नवजनचेतना दैनिक**ले २०८२ श्रावण १ गतेदेखि लागु हुने गरी यस अघि कायम गरेको दररेटमा निम्नानुसार परिवर्तन गर्ने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

### विज्ञापन दररेट

#### साधारण तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु. ४००/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ३००/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ५००/ |

#### सरकारी तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु.५५०/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ४५०/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ७००/- |

#### डिस्प्ले

| डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. २००/- (१x५ सि.सि.) |
| राहदानी | रु. ८००/- |

#### अन्य

| ठूलो डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. १५००/- (२x१० सि.सि.) |
| प्वाइन्टर | रु. १०००/- |

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक
कैलाशनगर मिडिया प्रा.लि.
ता.न.पा.-५, कैलाशनगर पाल्पा, सम्पर्क नं. ०७५-५२०६०१



वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१



मनको आवाज.............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६४, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com डिजिटल पत्रिका


कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई